# नेपाली महावाणिज्यदूतावास
# सान फ्रान्सिस्को
# Consulate General of Nepal
# San Francisco

**<u>नयाँ राहदानी बुझिलिन आउनेसम्बन्धी सूचना ।</u>**

विभिन्न मितिमा यस महावाणिज्यदूतावासमार्फत् राहदानीका लागि आवेदन गर्नुभएका यसैसाथ संलग्न सूचीबमोजिमका आवेदकहरूको नयाँ राहदानी तयारी भई महावाणिज्यदूतावासमा आज प्राप्त भएको हुंदा सूचीमा नाम समावेश भएका महानुभावहरूले आफ्नो राहदानी महावाणिज्यदूतावासबाट बुझिलिनु हुन अनुरोध गरिन्छ ।

व्यक्ति स्वयं महावाणिज्यदूतावासमा आएर वा आफ्नो नाम/ठेगानाको फिर्ती खाम (Return Envelope) हुलाकमार्फत् यस महावाणिज्यदूतावासमा पठाएर राहदानी बुझिलिन सकिनेछ ।

यसअघि नै आफ्नो राहदानी बुझिलिनको लागि अर्को व्यक्तिको नाममा मञ्जुरीनामा दिनुभएकाहरूको राहदानी मञ्जुरीनामा प्राप्त व्यक्तिले यस महावाणिज्यदूतावासमा उपस्थित भएर बुझिलिन सक्नुहुनेछ ।

राहदानी बुझिलिनको लागि आवेदक स्वयं वा मञ्जुरीनामा प्राप्त व्यक्ति महावाणिज्यदूतावासमा आउँदा पुरानो राहदानी र राजस्व तिरेको सक्कल रसिद साथमा लिएर आउनु पर्नेछ ।

हराएको राहदानी नविकरणको लागि आवेदन दिएकाहरूको हकमा राजस्व तिरेको सक्कल रसिद साथमा लिएर आउनु पर्नेछ ।

हुलाक मार्फत् राहदानी बुझिलिन चाहानेहरूले फिर्ती खाम (Return Envelope) पठाउँदा अनिवार्य रूपमा आफ्नो पुरानो राहदानी र राजस्व तिरेको सक्कल रसिदसमेत पठाउनु पर्नेछ ।

**नेपाली महावाणिज्यदूतावास**
**सान फ्रान्सिस्को ।**
मिति २०८२/०७/२८

Adress: 505 Beach St, Suite 130, San Francisco, CA 94133; Email: contact@nepalconsulatesf.org, Ph: +1 323 480 8292
Website: https://sf.nepalconsulate.gov.np/